# ज्येष्ठ नागरिक मैत्री सञ्चार निर्देशिका, २०७८

**प्रस्तावना :** पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन, २०७६) को उपदफा ४ मा उल्लिखित पत्रकार र सञ्चार माध्यमले ज्येष्ठ नागरिकको उत्थान र विकासमा विशेष सहयोग पुर्‍याउने गरी सूचना सम्प्रेषण गर्नुपर्दछ भन्ने सामाजिक दायित्वअन्तर्गत यसै आचारसंहिताको दफा १५ का आधारमा विशिष्टीकृत निर्देशिका जारी गर्न वाञ्छनीय भएकाले ज्येष्ठ नागरिक मैत्री सञ्चार निर्देशिका, २०७८ जारी गरिएको छ ।

**प्रारम्भिक :**

**१. नाम, प्रारम्भ र विस्तार**

१. यस निर्देशिकाको नाम ज्येष्ठ नागरिक मैत्री सञ्चार निर्देशिका, २०७८ रहेको छ ।

२. यो निर्देशिका प्रेस काउन्सिल नेपालले निर्णय गरेको मितिदेखि लागु भएको मानिने छ ।

३. यो निर्देशिका नेपालमा सञ्चालित सम्पूर्ण सञ्चार माध्यम र नेपालभित्र रहेर पत्रकारिता गर्ने सम्पूर्ण पत्रकार र विदेशी नागरिक नभइ, ग्रिन कार्ड वा स्थायी बसोबास अनुमति नलिइ विदेशमा रहेर पत्रकारिता गर्ने पत्रकार र उनीहरूद्वारा सञ्चालित सञ्चार माध्यममा समेत यो निर्देशिका लागु हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,**

१. 'आचारसंहिता' भन्नाले पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन, २०७६) सम्झनुपर्दछ ।

२. 'काउन्सिल' भन्नाले प्रेस काउन्सिल नेपाल सम्झनुपर्दछ ।

३. 'ज्येष्ठ नागरिक' भन्नाले ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ ले परिभाषित गरेअनुसार ६० वर्ष उमेर पूरा गरेको नेपाली नागरिकलाई सम्झनुपर्दछ ।

४.'निर्देशिका' भन्नाले ज्येष्ठ नागरिक मैत्री निर्देशिका, २०७८ सम्झनुपर्दछ ।

५.'पत्रकार' भन्नाले कुनै सञ्चार माध्यममा समाचार तथा समाचार-सामग्री सङ्कलन, उत्पादन, लेखन, पुनर्लेखन, सम्पादन र सम्प्रेषणजस्ता कार्यमा आबद्ध हुने व्यक्ति, सो कार्यसँग सम्बन्धित कुनै पद, हैसियत र सम्बन्धमा काम गर्ने व्यक्ति, प्रेस काउन्सिल नेपालद्वारा जारी पत्रकार आचारसंहिता, निर्देशिका र नेपाल पत्रकार महासङ्घको विधानले निर्दिष्ट गरेको वा पत्रकारसम्बन्धी अन्तर्राष्ट्रिय मान्यता-मापदण्डभित्र परेको व्यक्ति सम्झनुपर्दछ ।

६.'पालनपोषण तथा हेरचाह' भन्नाले ज्येष्ठ नागरिकलाई खाने, लाउने, बस्ने, घुमफिर गर्ने, मनोरञ्जन गर्ने र धार्मिक कार्यमा संलग्न हुने तथा स्वास्थ्य सेवाको व्यवस्था मिलाउने जस्ता कार्य सम्झनुपर्दछ ।

७.'समाचार' तथा 'समाचार-सामग्री' सम्प्रेषण भन्नाले विद्युतीय (प्रसारण)लगायतका सम्पूर्ण सञ्चार माध्यमबाट सम्प्रेषित श्रव्य, दृश्य, मुद्रण, चित्राङ्कन, छायाङ्कन, वृत्तचित्र, विज्ञापन, फिचर लेख/विचार, टिप्पणीलगायतको सामग्री सम्झनुपर्दछ ।

८.'सञ्चार माध्यम' भन्नाले पत्रपत्रिका, रेडियो र टेलिभिजनजस्ता विद्युतीय (प्रसारण) सञ्चार माध्यम, समाचार समिति(एजेन्सी), इन्टरनेटका माध्यमबाट समाचार, सूचना, विज्ञापन विचारमूलक लेख, कार्यक्रम उत्पादन, वितरण एवं सम्प्रेषण गर्ने सङ्घ/संस्था, निकाय, कम्पनी, सेवा प्रदायक र प्रेस काउन्सिल नेपालमा जारी पत्रकार आचारसंहिता, निर्देशिका एवं नेपाल पत्रकार महासङ्घको विधान र सञ्चार माध्यमसम्बन्धी अन्तर्राष्ट्रिय परिभाषासमेतलाई सम्झनुपर्दछ ।

९. 'सामाजिक सञ्जाल' भन्नाले फेसबुक, युट्युब, ट्वीटर, ह्वाट्सअप, मेसेञ्जर, भाइबरलगायतलाई सम्झनुपर्दछ ।

## पत्रकार र सञ्चार माध्यमको कर्तव्य

**३. पत्रकार र सञ्चार माध्यमले ज्येष्ठ नागरिकसम्बन्धी समाचार सम्प्रेषण गर्दा देहायअनुसारको कर्तव्य पालना गर्नुपर्दछ :**

**क. ज्येष्ठ नागरिकलाई प्राथमिकता :** सम्पूर्ण पत्रकार र सञ्चार माध्यमले ज्येष्ठ नागरिकमा सकारात्मक प्रभाव पर्ने र ज्येष्ठ नागरिकप्रति समाजमा सकारात्मक भाव जगाउने खालका समाचार तथा  समाचार-सामग्रीलाई प्राथमिकता दिइ निरन्तर सम्प्रेषण गर्नुपर्दछ ।

**ख. ज्येष्ठ नागरिकको अधिकारको संरक्षण र संवर्द्धन :** सम्पूर्ण पत्रकार र सञ्चार माध्यमले ज्येष्ठ नागरिकको अधिकारको संरक्षण, संवर्द्धन र हित हुने तथा ज्येष्ठ नागरिकसम्बन्धी संवैधानिक र कानुनी प्रावधानलाई व्यवहारमा कार्यान्वयन गराउन टेवा पुर्‍याउने किसिमका सामग्रीहरू तयार पारी सम्पूर्ण सरोकारवाला निकायलाई सुसूचित गराउने, ज्येष्ठ नागरिकको क्षेत्रमा क्रियाशील रहन हौसला प्रदान गर्ने, ज्येष्ठ नागरिकको सामाजिक-मनोवैज्ञनिक पुनर्स्थापनामा टेवा पुर्‍याउने र ज्येष्ठ नागरिकले पाउने राज्यका विभिन्न सेवा-सुविधालाई प्राथमिकता दिइ समाचार तथा समाचार-सामग्री सम्प्रेषण गर्नुपर्दछ ।

**ग. बीभत्स सामग्री सम्प्रेषणमा सजगता :** सम्पूर्ण पत्रकार र सञ्चार माध्यमले दुर्व्यवहार, हिंसा, हत्या, आगजनी, प्राकृतिक विपद् जस्ता घटना वा दुर्घटनासम्बन्धी तस्बिर वा दृश्यका सम्बन्धमा ज्येष्ठ नागरिकमा नकारात्मक मनोवैज्ञानिक असर नपुचाउने गरी विशेष सजगता र सावधानीका साथ समाचार तथा समाचार-सामग्री सम्प्रेषण गर्नुपर्दछ ।

**घ. विज्ञापनमा विशेष ध्यान :** सम्पूर्ण पत्रकार र सञ्चार माध्यमले ज्येष्ठ नागरिकको हित, सुरक्षा, मनोभावना, आत्मसम्मानमा आँच नआउने गरी विज्ञापन प्रकाशन, प्रसारण गर्नुपर्दछ ।

**ङ. ज्येष्ठ नागरिकका लागि उपयोगी सामग्री सम्प्रेषण :** सम्पूर्ण पत्रकार र सञ्चार माध्यमले ज्येष्ठ नागरिकको अभिव्यक्ति, विचार र भावनाका लागि उपयोगी हुने समाचार तथा समाचार-सामग्री सम्प्रेषण गर्नुपर्दछ ।

**च.ज्येष्ठ नागरिकसम्बन्धी जनचेतना जगाउने :** सम्पूर्ण पत्रकार र सञ्चार माध्यमले ज्येष्ठ नागरिकसम्बन्धी राष्ट्रिय/अन्तर्राष्ट्रिय ऐन, कानुन, निर्देशिका, मापदण्डको बारेमा जानकारी गराउने र जनचेतना जागृत गराउने गरी समाचार तथा समाचार-सामग्री सम्प्रेषण गर्नुपर्दछ ।

**छ. सकारात्मक उक्ति, शब्द, उखान टुक्काको प्रयोग :** सम्पूर्ण पत्रकार र सञ्चार माध्यमले समाचार वा समाचार-सामग्री सम्प्रेषण गर्दा विशेष ध्यान दिइ ज्येष्ठ नागरिकप्रति सकारात्मक सन्देश दिने उक्ति, शब्द, उखान टुक्का चयन/प्रयोग गर्नुपर्दछ ।

**ज. आदरार्थीको प्रयोग :** पत्रकार र सञ्चार माध्यमले समाचार तथा समाचार-सामग्री सम्प्रेषण गर्दा ज्येष्ठ नागरिकमा सम्मान, श्रद्धा जगाउने गरी आदरार्थी शब्द प्रयोग गर्नुपर्दछ ।

**झ. समान व्यवहार :** पत्रकार र सञ्चार माध्यमले ज्येष्ठ नागरिकबारे समाचार तथा समाचार-सामग्री सम्प्रेषण गर्दा समान व्यवहार गर्नुपर्दछ ।

**ञ. संरक्षण, पालनपोषण तथा हेरचाह :** सम्पूर्ण पत्रकार र सञ्चार माध्यमले ज्येष्ठ नागरिकको पालनपोषण, हेरचाह, स्याहारसुसार अर्थात् खाने, लाउने, बस्ने, घुमफिर गर्ने, मनोरञ्जन गर्ने र धार्मिक कार्यमा संलग्न हुने तथा स्वास्थ्य सेवाको व्यवस्था मिलाउने, संरक्षणसम्बन्धी विषयमा विशेष ध्यान दिई प्राथमिकताका साथ समाचार तथा समाचार-सामग्री सम्प्रेषण गर्नुपर्दछ ।

**ट. सामाजिक सञ्जालको प्रयोग :** सम्पूर्ण पत्रकार तथा सञ्चार माध्यमले ज्येष्ठ नागरिकको आत्मसम्मानमा चोट नपुर्‍याउने, इज्जतमा असर नपर्ने गरी सामाजिक सञ्जालको प्रयोग गर्नुपर्दछ ।

**ठ. समाचार उठानको किनारा :** सम्पूर्ण पत्रकार र सञ्चार माध्यमले ज्येष्ठ नागरिकमाथि हुने हिंसाको सत्य तथ्य केलाई न्यायिक उपचारमा सहयोगी भूमिका खेल्ने कुरामा ध्यान दिइ सत्य तथ्यमा आधारित समाचार तथा समाचार-सामग्री सम्प्रेषण गर्नुपर्दछ ।

**ड. ज्येष्ठ नागरिक संलग्न हिंसाको कारण केलाउने :** सम्पूर्ण पत्रकार र सञ्चार माध्यमले ज्येष्ठ नागरिक आपराधिक क्रियाकलापमा प्रयोग हुनसक्ने र उहाँहरूमा कतिपय रोगको कारण स्वयम्लाई ज्ञान नहुने अवस्थालाई ध्यान दिई घटनाको पुष्टि गरेर मात्र समाचार तथा समाचार-सामग्री सम्प्रेषण गर्नुपर्दछ ।

**ढ. ज्येष्ठ नागरिकको पीरमर्का, समस्या, अप्ठ्यारा, गुनासो मुखरित हुने** : सम्पूर्ण पत्रकार र सञ्चार माध्यमले ज्येष्ठ नागरिकको पीरमर्का, समस्या, अप्ठ्यारा, गुनासो मुखरित हुने गरी उहाँहरूको आवाजलाई प्रकाशन, प्रसारण गर्नुका साथै ज्येष्ठ नागरिकमा रहेको अथाह ज्ञान, सिप, अनुभवलगायत अन्तरनिहीत रूपमा रहेका विभिन्न प्रकारका प्रतिभाहरू उजागर हुने समाचार तथा समाचार-सामग्री सम्प्रेषण गर्नुपर्दछ ।

**४. पत्रकार र सञ्चार माध्यमले ज्येष्ठ नागरिकसम्बन्धी समाचार सम्प्रेषण गर्दा देहाय अनुसार कार्यहरू गर्नुहुँदैन ।**

**क. ज्येष्ठ नागरिकको मनोविज्ञानमा नकारात्मक असर पार्ने** : सम्पूर्ण पत्रकार र सञ्चार माध्यमले ज्येष्ठ नागरिकको मनोविज्ञानमा नकारात्मक असर पार्ने गरी समाचार तथा समाचार-सामग्री सम्प्रेषण गर्नुहुँदैन ।

**ख. ज्येष्ठ नागरिकको आत्मसम्मानमा ठेस पुऱ्याउनने :** सम्पूर्ण पत्रकार तथा सञ्चार माध्यमले ज्येष्ठ नागरिकको इज्जत, आत्मसम्मानमा ठेस पुग्ने गरी समाचार वा समाचार-सामग्री सम्प्रेषण गर्नुहुँदैन ।

**ग. अनादारार्थीको प्रयोग :** पत्रकार तथा सञ्चार माध्यमले अनदारार्थीको प्रयोग गरी समाचार वा समाचार-सामग्री प्रयोग गर्नुहुँदैन ।

**घ. विभेद :** सम्पूर्ण पत्रकार र सञ्चार माध्यमले जातीय, लैङ्गिक, धार्मिक, क्षेत्रीय, भाषिक, राजनीतिक आस्था, वर्ण वा शारीरिक, मानसिक र स्वास्थ्य अवस्थाजस्ता कुनै पनि आधारमा ज्येष्ठ नागरिकमाथि विभेद वा घृणा उत्पन्न हुने गरी समाचार वा समाचार-सामग्री सम्प्रेषण गर्नुहुँदैन ।

**ङ. ज्येष्ठ नागरिकको अपमान हुने, घृणा फैलाउने गरी विज्ञापन गर्न नहुने** : सम्पूर्ण पत्रकार र सञ्चार माध्यमले ज्येष्ठ नागरिकप्रति अपमान हुने वा घृणा फैलाउने गरी विज्ञापन प्रकाशन, प्रसारण गर्नु/गराउनु हुँदैन ।

**च. ज्येष्ठ नागरिकलाई अनुपयोगी हुने सामग्री सम्प्रेषण :** सम्पूर्ण पत्रकार र सञ्चार माध्यमले ज्येष्ठ नागरिकलाई अनुपयोगी हुने समाचार तथा समाचार सामग्री सम्प्रेषण गर्नुहुँदैन ।

**छ. असमान व्यवहार :** सम्पूर्ण पत्रकार र सञ्चार माध्यमले ज्येष्ठ नागरिकबारे समाचार तथा समाचार-सामग्री सम्प्रेषण गर्दा असमान व्यवहार गर्नुहुँदैन ।

**ज. मर्यादा र सम्मानमा प्रतिकूल असर :** सम्पूर्ण पत्रकार र सञ्चार माध्यमले भ्रष्टाचार, अपराध आदिजस्ता विषयमा ज्येष्ठ नागरिकको छोराछोरी, नातागोताबारे समाचार वा समाचार-सामग्री सम्प्रेषण गर्दा सार्वजनिक अपराधमा संलग्न नभएका ज्येष्ठ नागरिकको मर्यादा र सम्मानमा प्रतिकूल असर पुऱ्याउनु हुँदैन ।

**झ. समाजिक सञ्जालको दुरुपयोग :** सम्पूर्ण पत्रकार र सञ्चार माध्यमले ज्येष्ठ नागरिकको अपमान हुने गरी सामाजिक सञ्जाल प्रयोग गर्नहुँदैन ।

**ञ. ज्येष्ठ नागरिकको अपमान हुने, घृणा फैलाउने गरी बनाइएका चलचित्र, लघु-चलचित्र, वृत्तचित्र, टेलिश्रृङ्खला वा साहित्यिक रचना, लेख, टिप्पणी, विचारलाई स्थान** : सम्पूर्ण पत्रकार र सञ्चार माध्यमले ज्येष्ठ नागरिकप्रति अपमान हुने वा घृणा फैलाउने गरी बनाइएका चलचित्र, लघु-चलचित्र वृत्तचित्र, टेलिश्रृङ्खला तथा साहित्यिक रचना, लेख, टिप्पणी, विचारलाई सम्प्रेषण गर्नुहुँदैन ।

**ट. आत्मसम्मानमा चोट पुग्ने, अपमान हुने वा घृणा फैलाउने, होच्याउने शब्द, वाक्य, उक्ति, उखान टुक्का, भनाइलाई स्थान** : बुद्धिजीवी, लेखक, ओहदामा रहेका व्यक्ति तथा समाजका विभिन्न पेसा, व्यवसायका व्यक्तिले अन्तर्वार्ता, बहस, टक-सो, भाषण, लेख, विचार, टिप्पणी आदिमा ज्येष्ठ नागरिकको आत्मसम्मानमा चोट पुग्ने, अपमान हुने वा घृणा फैलाउने, होच्याउने शब्द, वाक्य, उक्ति, उखान टुक्का, भनाइ आदि प्रयोग गरे पनि सम्पूर्ण पत्रकार र सञ्चार माध्यमले त्यसलाई सम्प्रेषण गर्नुहुँदैन ।

**ठ. ज्येष्ठ नागरिक संलग्न हिंसाको कारण नकेलाई सम्प्रेषण :** सम्पूर्ण पत्रकार र सञ्चार माध्यमले ज्येष्ठ नागरिक आपराधिक क्रियाकलापमा प्रयोग हुनसक्ने र उहाँहरूमा कतिपय रोगको कारण स्वयम्लाई ज्ञान नहुने अवस्थालाई ध्यान नदिई घटनाको पुष्टि नगरी समाचार तथा समाचार-सामग्री सम्प्रेषण गर्नुहुँदैन ।

**ड. न्यायिक निरुपणमा प्रतिकूल असर :** सम्पूर्ण पत्रकार र सञ्चार माध्यमले न्यायिक निकायमा विचाराधीन ज्येष्ठ नागरिकसम्बन्धी मुद्दाको स्वच्छ सुनुवाइ प्रकिया वा निर्णयमा प्रतिकूल असर पार्ने गरी कुनै पनि समाचार तथा समाचार-सामग्री सम्प्रेषण गर्नुहुँदैन ।

**ढ. ज्येष्ठ नागरिकको पीरमर्का, समस्या, अप्ठ्यारा, गुनासोप्रति नकारात्मक प्रस्तुति** : सम्पूर्ण पत्रकार र सञ्चार माध्यमले ज्येष्ठ नागरिकको पीरमर्का, समस्या, अप्ठ्यारा, गुनासोप्रति नकारात्मक भाव जगाउने गरी समाचार तथा समाचार-सामग्री सम्प्रेषण गर्नुहुँदैन ।

## विविध

**५. उजुरी र कारबाही :** यस सम्बन्धमा उजुरी र कारबाहीको प्रक्रिया पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन, २०७६) मा व्यवस्था भएबमोजिम हुनेछ ।

**६. निर्देशन र सुझाव :** (१) यो निर्देशिकाको पालना गर्न/गराउनका लागि प्रेस काउन्सिल नेपालद्धारा समय-समयमा जारी निर्देशन र सुझावको पालना गर्नु/गराउनु सम्पूर्ण पत्रकार र सञ्चार माध्यमको कर्तव्य हुनेछ ।

२. उपदफा (१)बमोजिम दिइएको निर्देशन र सुझावलाई यसै निर्देशिकाको अभिन्न अङ्ग मानिनेछ ।

**७. कार्यविधि बनाउन सकिने :** (१) यो निर्देशिका लागु गर्न पत्रकार र आचारसंहिता, २०७३ (पहिलो संशोधन, २०७६) अन्तर्गत बनेको कार्यविधि लागु हुनेछ ।

२. उपदफा (१) बमोजिमको कार्यविधिका अतिरिक्त छुट्टै वा विशेष कार्यविधि बनाउन सकिनेछ ।

**८. आन्तरिक निर्देशिकाः** (१) यो निर्देशिका लागु गर्न प्रत्येक सञ्चार माध्यमले ज्येष्ठ नागरिकसम्बन्धी समाचार र समाचार-सामग्री सम्प्रेषण गर्ने आन्तरिक निर्देशिका बनाइ लागु गर्नुपर्दछ ।

२. उपदफा (१)बमोजिमको निर्देशिका बनेको जानकारी प्रेस काउन्सिल नेपाललाई दिनुपर्नेछ ।

३. उपदफा (१) बमोजिमको निर्देशिका लागु भए/नभएको बारेमा प्रेस काउन्सिल नेपालले समय-समयमा बुझ्न, सूचना लिन वा स्थलगत अनुगमन गर्नुपर्दछ ।

**९. बचाउ :** यस निर्देशिकामा लेखिएका विषयमा यसै बमोजिम र यसमा उल्लेख नभएका विषयमा पत्रकार आचारसंहिता, २०७३ ( पहिलो संशोधन, २०७६) बमोजिम हुनेछ ।

**१०. व्याख्या गर्ने अधिकार :** यो निर्देशिका लागु गर्ने सम्बन्धमा बाधा अड्काउ, फुकाउने एवं यो निर्देशिकाको व्याख्या गर्ने अधिकार प्रेस काउन्सिल नेपालमा रहनेछ ।

**११ सुझावको अपेक्षा :** यस निर्देशिकालाई थप संशोधन, परिमार्जन, परिस्कार गर्ने सम्बन्धमा प्रेस काउन्सिल नेपाल सरोकारवालाहरूका सल्लाह-सुझाव ग्रहण गर्न सदैव तत्पर रहनेछ ।